परिवर्तनका लागि एक नयाँ आवाज

# टक नेपाल

Talk Nepal National Daily

राष्ट्रिय दैनिक

वर्ष : ३ अंक : १०३ पृष्ठ ४ २०८१ माघ १८ गते, शुक्रबार 31-January, 2025 मूल्य रु. ५/-

9854020595
9801620595
कान्तिपुर फ्लेक्स प्रिन्ट
मेनरोड, बर्दिबास, महोत्तरी
हाम्रो सेवाहरू
● फ्लेक्स प्रिन्ट ● होर्डिङ्ग बोर्ड ● 2D बोर्ड ● 3Dबोर्ड
● भिजिटिङ्ग कार्ड ● टि-सर्ट प्रिन्ट ● स्टाम्प ● कप प्रिन्ट
छपाई सम्बन्धी सम्पूर्ण कामको लागि हामीलाई सम्झनुहोस ।

हामीलाई www.talknepaltv.com मा पनि पढ्न सकिन्छ ।

# कमला–पथलैया सडक स्तरोन्नतिमा समस्या

• रवीन्द्र उप्रेती

सडक मार्गमा रहेका अनेक समस्याले पूर्वपश्चिम राजमार्गको कमला-ढल्केबर-पथलैया सडक आयोजना पूर्वी खण्डको कामले गति लिन सकेको छैन ।

आयोजना अन्तर्गतको कमला-बढहरी-फूलजोर-बागमती ७४.७५ किलोमिटर लम्बाइको पूर्वी खण्ड यही जनवरी १ तारिखदेखि स्तरोन्नतिको चरणमा प्रवेश गरिसकेको छ । तथापि यस खण्डको भद्रगोल अवस्था र छरपस्ट समस्याका कारण निर्माणले अपेक्षित गति लिन सकेको छैन । विश्व बैङ्कको १८ अर्ब ६० करोड रुपियाँ ऋण सहयोगमा पूर्वी खण्डको सन् २०२५ जनवरी १ तारिखदेखि कमला पुल पश्चिम, धनुषा जिल्लाको बडहरी र सर्लाहीको फूलजोर गरी तीन ठाउँबाट एकै साथ स्तरोन्नति गर्नुपर्ने थियो ।




यसका लागि कमला पुलदेखि बडहरीसम्म इकेके इन्फ्रास्ट्रकचर लिमिटेड इन्डियाले तथा दोस्रो र तेस्रोमा पर्ने बडहरी-फूलजोर र फूलजोर-बागमती खण्ड चाइनिज कम्पनी एसडब्ल्यु इजे र रखुवा कन्स्ट्रक्सन कम्पनी आरसिसी ज्वाइन्ट भेन्चरले ठेक्का सम्झौता गरिसकेको छ । आगामी सन् २०२७ सम्म निर्माण सम्पन्न भइसक्नुपर्ने छ । निर्माणको सुरसारसमेत भएको छैन ।

गौरीडाँडास्थित कमला-ढल्केबर-पथलैया सडक आयोजना (पूर्वी खण्ड) का अनुसार पनि निर्माणअघिको पूर्वतयारीका लागि सडक दायाँबायाँ रहेका रुखदेखि पोलसम्मका अवरोध हटाउनुपर्ने भएकाले निर्माण सुरु गर्न नसकिएको हो । अहिले दुई लेनको पूर्वपश्चिम राजमार्गलाई एसियाली मापदण्ड अनुसार सहरी तथा बजार क्षेत्रमा छ लेनसहित ३१ मिटर फराकिलो पार्ने र त्यसबाहेकका ठाउँमा 'मेडियन' सहित १८ मिटर चौडाइको चार लेनमा स्तरोन्नति गर्नुपर्ने भएकाले सडक क्षेत्राधिकारमा अनेक बाधा अड्चन देखा परेको हो ।

पूर्वी खण्डका आयोजना प्रमुख छविलाल पौडेलका अनुसार कमलादेखि पश्चिम सर्लाहीको बागमतीसम्म सडक दायाँबायाँ रहेका आठ हजार ४५२ थान त विभिन्न प्रजातिका रुख नै हटाउनु पर्छ । कटानअघि यी रुखको यकिन सङ्ख्या बुझ्न पुनः गणना भइरहेको छ । त्यसपछि सङ्ख्या प्रमाणीकरणका लागि डिभिजन वन हुँदै सङ्घ र प्रदेशमा धाउनुपर्नेलगायतका प्रक्रिया झन्झटिलो भएकाले कहिलेसम्म रुख काटिने हो यकिन छैन । अर्कोतर्फ विद्युत् पोल विस्थापन अर्को समस्या छ ।

आयोजना र प्राधिकरणले दुई वर्षअघि गरेको गणना अुसार पूर्वी खण्डको कमलादेखि बागमतीसम्म २२२ विद्युत् पोल छन् । पोल विस्थापनका लागि आयोजनाले ३५ करोड रुपियाँको अनुमान पनि गरिसकेको उहाँले जनाउनुभयो ।

गणनापछि प्राधिकरणको प्रदेश कार्यालय, निर्देशनालय हुँदै टेन्डर प्रक्रियामा जान्छ ।

ठेक्का लगाउन पनि समय लाग्छ । अर्कातर्फ राजमार्गमा सामानान्तर बिच्छाइएको नेपाल टेलिकमका अप्टिकल फाइबरले पनि समस्या थपेको छ । यसलाई स्थानान्तरण गर्न आयोजना र टेलिकमबिच पनि समझदारी (एमओयु) को तयारी भइरहेको पौडेलले जनाउनुभयो । उहाँका अनुसार समझदारी पत्रमा हस्ताक्षरपछि टेलिकमले बजेट सुनिश्चित गर्नु पर्छ । त्यसपछि सडक ठेकेदारले अप्टिकल फाइबर हटाउने काम गर्छ । यसका साथै सडक क्षेत्राधिकारमा पर्ने दुवैतर्फ २५/२५ मिटर खाली गर्नुपर्ने हुँदा कमलादेखि पथलैयासम्मका ६४ घरधुरीका ६६ वटा संरचना, २०४ वटा छाप्रो टहरा, चार वटा पेट्रोल पम्प छन् । पौडेलले भन्नुभयो, "निजी संरचना भएकाले मुआब्जा रकम सुनिश्चित गरेर मात्र विस्थापित गर्न सकिन्छ । मूल्याङ्कन र क्षतिपूर्तिका लागि भवन कार्यालय जनकपुरसँग सहकार्य भइरहेको छ ।"

यीबाहेक ३५ वटा मठमन्दिर, ५५ वटा बरपिपलको चौतारो, १७ ठाउँमा नेपाली सेना र दुई ठाउँमा प्रहरीको चेक पोस्ट, चार वटा प्रहरी बिट र एउटा प्रतिक्षालय, आठ वटा इनार, ६९ वटा प्रतिक्षालय, तीन वटा सार्वजनिक शौचालय छन् । यसका साथै कन्सलटेन्टको रिपोर्टले ३३ हजार १६० मिटर खानेपानीका पाइपमा बाधा पुग्न सक्ने उल्लेख छ ।

पौडेलले भन्नुभयो, "राजमार्गको अधिकार क्षेत्रभित्र १६ वटा संरचना त नेपाली सेनाकै परेको छ । यी संरचना हटाएर मात्र पुग्दैन उनीहरूले तोकेको स्थानमा सडक ठेकेदारले नै पुनर्निर्माण गरिदिनुपर्ने भएकाले सबैलाई व्यवस्थापन गर्न समय त लाग्छ नै ।" यी तमाम बाधा अवरोध नहटाएसम्म सडक स्तरोन्नतिको काम अघि बढाउन नसकिने ठेकेदार कम्पनी इकेकेका प्रमुख इन्जिनियर दावा तामाङले बताउनुभयो । उहाँका अनुसार काम गर्ने पत्र पाइएको छ । तथापि ठेकेदार कम्पनी पनि काम सुरु गर्नुअघिको पूर्वतयारीमा जुटेको बताउनुभयो ।

तामाङले भन्नुभयो, "आयोजना जस्तै हामी ठेकेदार कम्पनी पनि निर्माण सामग्री व्यवस्थापन, रिपोर्ट तयारी, सर्भे, ड्रोइङ जस्ता पूर्वतयारीसहित काम सुरु गर्ने वातावरणको प्रतिक्षामा छौं ।" तथापि यी काम पनि सडक निर्माणकै पाटो भएको आयोजना प्रमुख पौडेलको भनाइ छ ।

के तपाई विदेश जाने सोचमा हुनुहुन्छ?
यदि हुनुहुन्छ भने, हामी तपाईंको शहर बर्दिबासमा आइसकेका छौं।
Study Abroad
Preparation Classes
▪ IELTS / PTE Classes
▪ Japanese Language Classes
▪ Korean Language Classes
IELTS | Pearson | PTE
Date Booking
Australia | Canada | UK | USA
New Zealand | Japan | Korea
ग्रेस इन्टरनेशनल, बर्दिबास
सम्पर्क:- 9841133811, 9854088026, 9854088028
स्थान :- औरही रोड, शुभ स्वस्तिक हस्पिटल (पुरानो भवन)

बर्दिबास-खुर्कोट-घुर्मी-ओखलढुङ्गा
टिकट बिक्री केन्द्र
बर्दिबास, महोत्तरी
प्रत्येक दिन बिहान ६:३०
सुनौलो वि. पी. यातायात क. प्रा. लि.
टिकट बुकिङ्गको लागि सम्पर्क:
प्रकाश कार्की ९८१९८८३७२० ९८६४७०४०११
उमेश थापा ९८०७६२७२५५ ९८६४०२२३५०
रोहित श्रेष्ठ ९८६१२१२३५२ ९८२७८३०९३३

परिवर्तनका लागि एक नयाँ आवाज
टक नेपाल
Talk Nepal National Daily
राष्ट्रिय दैनिक

## सम्पादकीय

### प्रजनन स्वास्थ्य अधिकारमा अझै असहजता

प्रजनन स्वास्थ्य अधिकार महिलामा निहित छ भन्ने कानुनमा उल्लेख भए पनि व्यवहारमा उतार्न अझै धेरै सुधारको खाँचो छ। नेपालमा सन् २००२ मा सुरक्षित गर्भपतन सेवा लागू गर्ने कानुन बन्यो। यसबाट धेरै अनिच्छित गर्भधारण गर्न बाध्य भएका महिलाहरुले लाभ पाए र अकालमा ज्यान गुमाउनुपर्ने अवस्थामा कमी आयो। यो कानुन ल्याउन जसरी नेपाल सरकारले दृढ संकल्प गर्‍यो, त्यसरी नै सफल कार्यान्वयनको पाटोमा पनि ध्यान देओस्। दैनिक सरदर दुईजना आमाको बच्चा जन्माउने तथा गर्भवती अवस्थामा समस्या आएर मृत्यु हुने गरेको सन् २०२२ मा परिवार कल्याण महाशाखा र आइपस नेपालले गरेको अध्ययन प्रतिवेदमा उल्लेख छ। नेपालमा हुने गर्भपतनमध्ये आधा अनिच्छित गर्भ रहने गरेको छ र कुल गर्भपतनको आधाले असुरक्षित ठाउँ रोज्ने गर्छन्। पारिवारिक, सामाजिक, आर्थिक, हाडनाता करणीका कारण कानुनबाट पीडकलाई बचाउनसमेत असुरक्षित गर्भपतन रोजेको पाइन्छ।

प्रजनन स्वास्थ्य अधिकारबारे जनचेतनाको पनि अभाव छ। साथै समाज, धर्म, परिवारको डरले असुरक्षित गर्भपतन रोज्न बाध्य छन्। परिवार योजना र सुरक्षित गर्भपतनका बारेमा जनचेतनाको खाँचो छ भन्ने कुरामा सरकारको ध्यान जानु जरुरी छ। सुरक्षित गर्भपतनको कानुन बने पनि कानुनको पालना गर्ने पूर्ण अधिकार महिलामा देखिएको छैन। सूचीकृत र सुरक्षित स्वास्थ्य केन्द्रमा गएर बच्चा जन्माउनेदेखि तोकिएका चिकित्सकद्वारा गर्भपतन गराउन श्रीमान्, सासूलगायतका परिवारको स्वीकृतिबेगर महिला स्वयंले निर्णय लिन अहिले पनि पाएका छैनन्। यति मात्र नभई सुत्केरी महिलाले र गर्भपतन गर्ने महिलाले ९८ दिन तलबी बिदा पाउने व्यवस्था हुँद पनि व्यहारमा लागू कमै मात्र भएको छ। रोजगार महिला गर्भवती भएपछि तलबी बिदा दिनुको सट्टा कतिपय उद्योग, कलकारखाना, विभिन्न कार्यालयहरुले रोजगारीबाटै हटाउने गरेका छन्। यसो गर्नु कानुन विपरीत हो भन्ने विषयमा सरकारले अनुगमन, मूल्यांकन र कार्यान्वयनमा गरोस्।

मानवजीवन बचाउने र कानुनको रक्षा गर्ने दायित्व सरकारको हो। विवाह गर्नु भनेको बच्चा पाउनु नै हो भन्ने समाज, घर-परिवारको बुझाइ छ। बच्चा पाउने वा नपाउने अधिकार महिलामा सुरक्षित हुन्छ। यस्ता विषयले सामाजिक विखण्डन ल्याएको छ। महिलाले जसरी पनि बच्चा जन्माउनुपर्ने बाध्यता छ। आईभीएफ, टेस्टट्यूब बेबी अदि महँगा प्रविधिको उपयोगबाट भए पनि महिलाले बच्चा जन्माउनै पर्ने बाध्यता छ। लिंग पहिचान गरी गर्भपतन गराउनेको संख्या पनि बढ्दो छ। २०७८ सालको राष्ट्रिय जनगणनाअनुसार १ सय १२ छोरा जन्मदा १ सय छोरी जन्मिएका छन्। यसरी छोरीको संख्या कम हुँदै गयो भने समाजमै असर परी जनसंख्या घट्दै जान्छ। यस्ता विषयमा बेलैमा सचेत हुनुपर्छ।

सुरक्षित गर्भपतनले महिलालाई मात्र सुरक्षित बनाएको नभई पुरुषलाई पनि आर्थिक, सामाजिक, पारिवारिकरुपमा सुरक्षित बनाएको छ। सुरक्षित गर्भपतन सेवाले देश र नागरिकको स्वास्थ्यमा सुधार ल्याउनुका साथै मातृ मृत्युदरमा समेत सुधार आएको छ। अनिच्छित र असुरक्षित गर्भपतनका कारण मानसिक समस्या भोगिरहेका महिलाको संख्या ठूलो रहेको छ। हुन त कानुनीरुपमा १२ हप्तासम्मको गर्भपतन गराउन पाउने व्यवस्था छ।

गम्भीर अवस्थामा जस्तै- हाडनाता करणी, गर्भको बच्चा अपांग भएको अथवा आमा वा बच्चाको ज्यान नै जाने खतरा रहेको अवस्थामा त २८ हप्तासम्मको गर्भपतन गर्न पाउने कानुनी व्यवस्था छ। शायद यी कानुनी प्रावधानको कतै दुरुपयोग भएको पनि हुन सक्छ तर कतिपय महिलाहरु यी सेवा पाउनबाट वञ्चित भएको अवस्था पनि छ। यतातर्फ सरकारको ध्यान पुग्नु जरुरी छ।

# सामाजिक सञ्जाल विधेयकमा समस्या छन्, त्यसलाई सच्याउनुपर्छ

• टक नेपाल



सरकारले 'सामाजिक सञ्जालको सञ्चालन, प्रयोग तथा नियमन गर्ने सम्बन्धमा संसदमा दर्ता गरेको विधेयक संसदबाट प्राप्त भयो। यो पढेपछि यसमा समेटिएका प्रावधानहरूका सन्दर्भमा मेरा धारणा सार्वजनिक गर्न चाहन्छु।

१. लोकतन्त्रको मूल मर्म नै अभिव्यक्तिको स्वतन्त्रता हो। कुनै पनि व्यक्तिले भयरहित अवस्थामा आफ्ना विचार राख्न पाउने अवस्था नहुने हो भने लोकतन्त्रको अर्थ रहँदैन। हाम्रो संविधानले प्रत्येक व्यक्तिलाई विचार र अभिव्यक्तिको स्वतन्त्रता प्रदान गरेको छ। विचार र अभिव्यक्तिको स्वतन्त्रतालाई स्वतन्त्रताको जननीको रूपमा समेत लिने गरिन्छ।

२. व्यक्तिले अभिव्यक्ति स्वतन्त्रताको अधिकार प्रयोग गर्दैगर्दा अरूलाई हानि पुर्‍याउनु हुँदैन। यो सीमारहित हुँदैन भनेर नै संविधानले नै सीमा कोरेको छ।

जस्तै, नेपालको संविधानले नै नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रियता र स्वाधीनतामा वा संघीय इकाइ वा विभिन्न जात, जाति, धर्म, सम्प्रदायबीचको सु-सम्बन्धमा खलल पर्ने, जातीय भेदभाव वा छुवाछूतलाई दुरुत्साहन गर्ने, श्रमप्रति अवहेलना गर्ने, गाली बेइज्जती, अदालतको अवहेलना हुने, अपराध गर्न दुरुत्साहन गर्ने वा सार्वजनिक शिष्टाचार वा नैतिकताको प्रतिकूल हुने कार्यमा मनासिब प्रतिबन्ध लगाउने गरी कानुन बनाउन पाउने व्यवस्था गरेको छ।

गाली, बेइज्जती गर्न पाइँदैन, राष्ट्रहित विपरीतको अभिव्यक्ति कहीँ दिन पाइँदैन, यस्तो गरेमा हुने दण्ड सजायको बारेमा नियमन गर्ने कानुनहरू छन्। हामीलाई पहिले लाग्यो- सामाजिक सञ्जालको विषय पनि त्यस्तै हो। विद्यमान कानुन नै पर्याप्त छन्, यसका सन्दर्भमा विशेष ऐन चाहिंदैन।

३. तर पछिल्लो समय सामाजिक सञ्जाल विचार अभिव्यक्त गर्ने मुख्य माध्यम बन्दै जाँदा एकातर्फ राम्रो भएको छ। अर्कोतर्फ सामाजिक सञ्जालका माध्यमबाट अभिव्यक्ति स्वतन्त्रताको चरम दुरुपयोग पनि भएको छ। यसले अराजकता सिर्जना गर्दै समाजमा भ्रम, द्वेष र असहिष्णुता फैलाउने काम गरिरहेको छ।

सामाजिक सञ्जालको दुरुपयोगका कारण हेट स्पीच, साइबर बुलिङ, सेक्सटोर्सन, एक्सटोर्सन जस्ता घटनाहरू व्यापक भएका छन्। संगठित समूह नै बनेर द्वेष फैलाउने गतिविधि गरेको अवस्था छ।

अभिव्यक्ति स्वतन्त्रताको प्रयोग गर्दा ट्रोल वा बुली हुने डरले बहसहरू छायामा परेका छन्। यस्तो अवस्थामा प्रचलित कानुन मात्र पर्याप्त छैन, विशेष कानुन नै चाहिन्छ भन्ने हामी सबैलाई महसुस भएको कुरा हो।

नागरिक स्वतन्त्रतामाथि कार्यकारी निकायबाट मनोवैज्ञानिक त्रास सिर्जना गर्ने र अपराधको तरबार झुण्ड्याउने 'अंकुश' प्रवृत्ति हाम्रो लोकतन्त्रले परिकल्पना गर्दैन। त्यसैले यसमा व्यापक परिमार्जन र पुनरावलोकन आवश्यक छ।

४. अतः सामाजिक सञ्जालको पनि नियमन आवश्यक छ भन्ने कुरामा हाम्रो विमति छैन। तर यो भनिरहँदा सबैभन्दा ख्याल गर्नुपर्ने कुरा भनेको स्वतन्त्रताको दुरुपयोग गर्नेलाई नियमन गर्न खोज्दा हाम्रो संविधानप्रदत्त स्वतन्त्रताको अधिकार कुनै हालतमा सङ्कुचित बनाइनु हुँदैन।

मैले यही आलोकमा अहिलेको सामाजिक सञ्जालको सञ्चालन, प्रयोग तथा नियमन गर्ने सम्बन्धमा संसदमा दर्ता गरिएको विधेयकलाई हेरेको छु।

यस विधेयकमा कयौं सकारात्मक र आवश्यक कुराहरू छन्। तर, यसमा धेरै समस्याहरू पनि छन्। म यस्ता समस्यामध्ये केही मुख्य विषयको चर्चा गर्छु।

५. अभिव्यक्ति स्वतन्त्रतासँग जोडिएको सामाजिक सञ्जाल नियमन गर्ने कानुन अस्पष्ट र खुला व्याख्या गर्न मिल्ने नभई निश्चित र पूर्वानुमानयोग्य हुनुपर्छ।

विधेयकमा जुन विषयलाई फौजदारी अपराधको रूपमा राखिएको छ, तीमध्ये अधिकांशको परिभाषामा अस्पष्टता छ, खुला व्याख्या (ओपन इन्टरप्रिटेसन) गर्न मिल्ने खालका छन्। दोहोरो र अनुकूल व्याख्या गर्ने किसिमका छन्। केही विषयको अस्पष्ट परिभाषाले सरकारलाई स्वेच्छाचारी हुने बाटोहरू खुला गर्छ।

अस्पष्ट तथा आत्मपरक शब्दहरूको सन्दर्भमा निश्चित मापदण्ड नतोकी यस्तो अस्पष्ट स्वरूपमा कसूरको रूपमा राखिनु एउटा त फौजदारी न्यायको सिद्धान्तको विपरीत हुन्छ, अर्को यसले संविधानले प्रत्याभूत गरेको अभिव्यक्ति स्वतन्त्रताको विपरीत हुन्छ। अस्पष्ट कानुन सरकारले जुनसुकै बेला हतियारको रूपमा प्रयोग गर्न सक्ने हुनाले नागरिक सरकारसँग भयभित हुनुपर्ने अवस्था रहिरहन्छ।

नागरिक स्वतन्त्रतामाथि कार्यकारी निकायबाट मनोवैज्ञानिक त्रास सिर्जना गर्ने र अपराधको तरबार झुण्ड्याउने 'अंकुश' प्रवृत्ति हाम्रो लोकतन्त्रले परिकल्पना गर्दैन। त्यसैले, यसमा उल्लेख गरिएका कसूर, दण्ड, सजाय र त्यसको अनुपात लगायतका विषयमा व्यापक परिमार्जन र पुनरावलोकन आवश्यक छ।

६. अभिव्यक्ति स्वतन्त्रतासँग प्रत्यक्ष रूपमा जोडिएको विषय हो– सूचनाको स्वतन्त्र प्रवाह। यस विधेयकको केही व्यवस्थाले स्वतन्त्र प्रेसलाई अनावश्यक असर गर्छ। अत्यधिक सेन्सरशिपका कारण सूचनाको स्वतन्त्र प्रवाह प्रभावित हुनुहुँदैन। यस्ता प्रावधानहरू हटाइनुपर्दछ। यस्ता विषयले अत्यधिक सेन्सरशिप हुने खतरा सिर्जना गर्दछ। यस्ता कतिपय विषय हटाउनुपर्छ, केही सच्याउनुपर्छ।

७. हामी स्पष्ट छौं– विधेयकले उद्देश्य राखे झैं, सरकारले व्यवस्थित गर्न खोजेको सामाजिक सञ्जालका प्लेटफर्म सञ्चालक र प्रयोगकर्तालाई जिम्मेवार तथा जबाफदेही बनाई सामाजिक सञ्जालको सञ्चालन र प्रयोगकर्तालाई जिम्मेवार तथा जवाफदेही बनाई सामाजिक सञ्जालको सञ्चालन र प्रयोगलाई मर्यादित, सुरक्षित र व्यवस्थित तथा नियमन गर्ने सम्बन्धमा कानुन निर्माण गर्न आवश्यक छ, यसमा कसैको पनि विमति छैन।

तर, यस्तो कानुन अपवादको कानुन हो, त्यसलाई नै स्वाभाविक कानुन (नर्म) बनाइनु हुँदैन। यस विधेयकको कुनै पनि धाराले संविधानले दिएको विरोध गर्न पाउने, फरक मत राख्न पाउने, प्रश्न गर्न पाउने, अझ खासमा शक्तिमा भएकोलाई प्रश्न गर्न पाउने, आलोचना गर्न पाउने अधिकारलाई खुम्च्याउन पाउने हुनुहुँदैन। यो अधिकार पूर्ण रूपमा सुरक्षित हुनुपर्छ।

**त्यसका लागि के गर्ने त?**

सामाजिक सञ्जाल नियमनसम्बन्धी कानुनलाई यस्तो बनाउने जसले अभिव्यक्ति स्वतन्त्रताका नाममा भएका अनियन्त्रित अराजकतालाई नियमन गरोस्, तर त्यही नाममा कुनै पनि तरिकाले संविधान प्रदत्त अभिव्यक्तिको स्वतन्त्रतालाई सङ्कुचित नगरोस्।

अन्ततः, यो विधेयकमा व्यापक परिमार्जनको जरुरी छ। सरकारले यो कुरा बुझ्नुपर्छ र त्यसका लागि तयार हुनुपर्छ। यो विधेयक बनाउनमा कुनै भूमिका नरहे पनि यसलाई सच्याएर ठीक बनाउनेमा लाग्न सरकारसँग अब मैले आफूले सक्ने सबै कोसिस गर्छु।

हामी सांसदहरूले पनि संसदमा काम गर्नुपर्नेछ। हामी सांसदहरूको सामूहिक बुद्धिमत्ता (कलेक्टिभ विस्डम) प्रयोग गरेर सामाजिक सञ्जाल सम्बन्धी विधेयकमा व्यापक परिमार्जन गर्दै यसलाई सच्चाउनुपर्नेछ, सच्चाउनेछौं।

यो विधेयकलाई संविधानको मर्म अनुकूल बनाएर मात्र कानुनको रूपमा अघि बढ्न दिने सामर्थ्य हामी राख्छौं भन्ने मलाई आफैंमाथि विश्वास छ र मेरो संसद्माथि पनि विश्वास छ।

(नेपाली कांग्रेसका महामन्त्री थापासँग गरिएको कुराकानीमा आधारित)





# हरियो वन कसरी बन्ने नेपालको धन ?

वनलाई विभिन्न उद्देश्यको लागि व्यवस्थापन गर्ने कार्य वैदिककालदेखि नै हुँदै आएको देखिन्छ। जसमा वनलाई महावन, तपोवन र श्रीवन भनेर क्रमशः संरक्षण, धार्मिक र वन पैदावार उत्पादनको उद्देश्यले वर्गीकरण गरिएको थियो।

यसले के देखाउँछ भने वन केवल रूखहरूको समूह होइन; यो एक जीवित प्रणाली हो, जसले पृथ्वीमा सन्तुलन कायम गर्छ। वनले स्वच्छ हावा, पानी र औषधिजन्य सामग्री मात्र होइन, वन्यजन्तुको वासस्थान र मानव जीवनको आधार प्रदान गर्छ। नेपाल जस्तो कृषिप्रधान देशका लागि वन झन् महत्वपूर्ण छ। वनले हाम्रो जीवनयापनको आधार जस्तै खोला, खेतीपाती र मौसमीय चक्रलाई प्रत्यक्ष प्रभाव पारेको छ।

नेपालको कुल वन क्षेत्र ४५.३१ प्रतिशत (६६ लाख हेक्टर) जसमध्ये १० लाख हेक्टर संरक्षित क्षेत्रभित्र (करिब ८ लाख हेक्टर कोर क्षेत्र र २ लाख हेक्टर मध्यवर्ती क्षेत्रमा) र ५६ लाख संरक्षित क्षेत्र बाहिर छ। संरक्षित क्षेत्रहरू वन्यजन्तुको वासस्थान तथा जैविक विविधता संरक्षणका लागि व्यवस्थापन गरिएका छन् भने संरक्षित क्षेत्र बाहिरका वन क्षेत्रहरू उत्पादनका लागि हुन्। वनले दिने सेवा र वस्तुहरूको सन्तुलन कायम गर्न संरक्षित र उत्पादनमूलक क्षेत्र भनेर वनलाई विभाजन गरेको देखिन्छ।

सामाजिक, आर्थिक अवस्थासँगै आएको तीव्र परिवर्तनसँगै परम्परागत जीविकोपार्जनमा परिवर्तन आएको छ। वनको महत्व सांस्कृतिक र जीविकोपार्जनसँगै आर्थिक र उत्पादनसँग पनि जोड्न थालिएको छ। वनले दिने सेवाका आयाम जस्तै कार्बन शोषण र वातावरणीय सेवाहरू थपिने क्रम जारी छ।

यस परिवर्तित अवस्थामा वनको आर्थिक लाभको उच्चता प्राप्ति महत्वपूर्ण छ। वनबाट प्राप्त वस्तु र सेवाहरूको परिधि स्थानीय र राष्ट्रियस्तरमा मात्र नभएर विश्वव्यापी छ। मानिसको अत्यधिक चाप र प्रभुत्व भएको यस एन्थ्रोपोसिन युगमा विभिन्न पूर्वाधार विकासका आयोजनाको लागि वन क्षेत्रको माग भइरहेको छ। बदलिंदो परिस्थितिमा वन क्षेत्रको अहम् प्रश्न भनेको यसको आर्थिक र उत्पादनको औचित्य समेत पुष्टि गर्नु हो। हरियो वन नेपालको धनको सार्थकताको पुष्टि नगरेसम्म वन क्षेत्रको सम्वर्द्धन चुनौतीपूर्ण देखिएको छ।




**उत्पादनमूलक वनको व्यवस्थापन**

वन क्षेत्रबाट आम्दानीको लागि संरक्षित क्षेत्र र संरक्षित क्षेत्र बाहिरको वन क्षेत्रलाई भिन्न ढंगले हेर्नुपर्दछ। वैदिककालको श्रीवन झैं संरक्षित क्षेत्र बाहिरको वनलाई वन पैदावार उत्पादनको लागि व्यवस्थापन गर्नुपर्दछ। उत्पादनको लागि वन व्यवस्थापन गर्दा वयस्क रूखहरू हटाइन्छ, जसले नयाँ बिरुवा पुनरुत्पादनको लागि स्थान सिर्जना गर्दछ। पुनरुत्पादित बिरुवाहरू हुर्काएर फेरि वयस्क बनाई काटिन्छ। यो चक्रीय प्रणालीलाई वन सम्वर्द्धन प्रणाली भनिन्छ, जसबाट वन पैदावारको आपूर्ति सतत रूपमा गरिन्छ। लामो समयसम्म वन विनाशको चपेटामा परेको नेपाली समाज दशकौंको वन संरक्षण अभ्यासमा अभ्यस्त रहेको हुँदा वयस्क रूखको कटानी भनेको वन विनाश नै हो कि भन्ने कुरामा सशंकित छ। यही वन व्यवस्थापनको अभावमा नेपाली बजारमा वर्षेनि अर्बौं रुपैयाँको काठ आयात गरिरहेका छौं।

नेपाल सरकारले २०७६ सालमा वैज्ञानिक वन व्यवस्थापन कार्यविधि खारेज गरेपछि वन व्यवस्थापनले अनेक व्यवधान व्यहोरिरहेको छ। वनलाई स्रोतको रूपमा नहेरी संरक्षणमुखी अवधारणा हावी हुँदा वर्षेनि अर्बौंको काठ कुहिएर जाने र व्यवस्थापनको अभावमा वनभित्रै सुकेका काठपात हुँदा आगलागीका घटनाहरू पनि बढिरहेका छन्। हालको अवस्थामा उत्पादनमूलक वन क्षेत्रको २५ प्रतिशत वन क्षेत्र मात्र व्यवस्थापन गरिए पनि वार्षिक करिब ९ करोड क्यू.फि. काठ उत्पादन हुने देखिन्छ। जसबाट करीब ४० अर्ब रुपैयाँ बराबरको राजस्व र १० अर्ब रुपैयाँ बराबरको कटान मुछानको रोजगारी सिर्जना हुने देखिन्छ। यसमा सःमिल र फर्निचरबाट प्राप्त हुने कर र सिर्जना हुने रोजगारीको लेखाजोखा गरिएको छैन। उदाहरणको लागि सन् २०१९/२० मा कर्णाली प्रदेशको जडीबुटी मात्र १ खर्ब ६० अर्ब बराबरको आर्थिक उपार्जन भएको देखिन्छ।

**संरक्षित क्षेत्रमा प्रवेश शुल्क**

सन् २०२२ मा ६ लाख १४ हजार ८६९ पर्यटकहरूले नेपाल भ्रमण गरे। उनीहरूको औसत बसाइ १३.१ रात थियो। यस हिसाबले नेपालमा उक्त वर्ष पर्यटकहरूको जम्मा बसाइ ८० लाख रात थियो। दैनिक १० डलरका दरले दिगो विकास शुल्क लगाउँदा पनि वार्षिक ८ करोड डलर (१० अर्ब रुपैयाँ) अतिरिक्त आम्दानी हुने देखिन्छ

संरक्षित क्षेत्रहरूले आर्थिक प्रतिफल दिन नसकेकोले यसको स्वरुप परिवर्तन गरी आर्थिक उपार्जनमा लैजानुपर्छ भन्ने मनसायले लगानी सहजीकरण सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको ऐन २०८१ र राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन २०२९ पनि संशोधन भित्र समेटिएको छ।

नेपाल सरकारले संरक्षित क्षेत्रभित्र अतिसंवेदनशील क्षेत्र तोक्ने र सो क्षेत्र बाहिर भौतिक पूर्वाधारका आयोजनाहरू सञ्चालन गर्न सक्ने प्रावधान आएको छ।

यसले देखिने आर्थिक उत्पादन विना अब वन क्षेत्रको संरक्षण चुनौतीपूर्ण छ भन्ने देखिन्छ। हाम्रा संरक्षित क्षेत्रहरूले पर्याप्त राजस्व आर्जन गर्न किन सकेनन् भनेर नकेलाएसम्म संरक्षणको प्रभावकारी रणनीति सम्भव देखिन्न।

विद्यमान संरक्षित क्षेत्रहरू पर्यटकहरूको प्रमुख आकर्षण हुन्। नेपाल आउने करिब ६० प्रतिशत पर्यटकले संरक्षित क्षेत्रको भ्रमण गर्ने आकलन गरिएको छ। राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागको प्रतिवेदन अनुसार आ.व. २०७९/८० मा ९३ हजार २५२ पर्यटकले संरक्षित क्षेत्र भ्रमण गरेको देखिन्छ। जसमा एक तिहाइ (३५,३७२) विदेशी पर्यटक थिए। जसबाट रु.७५ करोड राजस्व संकलन भएको देखिन्छ। सांस्कृतिक, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका अनुसार सन् २०२२ मा पर्यटन क्षेत्रको आम्दानी ३२ करोड डलर रहेको छ। यसबाट संरक्षित क्षेत्रहरू पर्यटन प्रवर्द्धनको मुख्य आधार हुन् भन्नेमा दुईमत नहोला।

संरक्षित क्षेत्रहरूले आशातित आम्दानी गर्न नसक्नुमा बजार अनुसार प्रवेश शुल्क परिमार्जन गर्न नसक्नु एक मुख्य कारण रहेको देखिन्छ। अनुसन्धानहरूमा विश्वास नहुँदा सरकारले वर्षेनि करोडौं रुपैयाँ प्रवेश शुल्कको रूपमा गुमाइरहेको देखिन्छ। सन् २००८ मा 'इकोलोजिक इकोनोमिक्स' मा प्रकाशित लेख अनुसार अन्नपूर्ण संरक्षण क्षेत्रमा प्रति पर्यटक प्रवेश शुल्क रु.२००० अर्थात् २७ डलर बराबर थियो।

तर पर्यटकहरू ६९.२ डलरसम्म तिर्न चाहन्थे। उक्त अध्ययनले प्रवेश शुल्क ५० अमेरिकी डलर पुर्‍याउन सिफारिस गरेको छ। पछि विदेशी पर्यटकहरूलाई प्रवेश शुल्क रु.३००० (२२ अमेरिकी डलर) तोक्यो। जुन, सन् २००८ को भन्दा ५ डलर कम हो। आ.व. २०७९/८० मा अन्नपूर्ण संरक्षण क्षेत्रमा ८२ हजार ७०५ विदेशी र ८९ हजार २८० सार्कका पर्यटकहरूले भ्रमण गरेका थिए।

यसबाट के देखिन्छ भने विदेशी पर्यटकहरूलाई नेपाल भ्रमण गर्न वर्षेनि सस्तो परिरहेको छ, किनकि नेपाली रुपैयाँमा न्यूनतम प्रवेश शुल्क लगाइएको छ र हरेक वर्ष डलर महँगीरहेको छ। यसको कारण संरक्षित क्षेत्रहरूको आम्दानी पनि न्यून भएको छ। यसलाई नेपाल टुरिजम स्टाटिस्टिक्स २०२२ ले पनि पुष्टि गर्दछ। जस अनुसार सन् २०२१ मा प्रति पर्यटक दैनिक खर्च ४८ डलर र २०२२ मा ४०.५ डलर थियो। यसकारण विद्यमान अनुसन्धानको नतिजाको आधारमा संरक्षित क्षेत्रहरूको प्रवेश शुल्क विदेशी पर्यटकलाई डलरमा तोक्नुपर्ने देखिन्छ।

**दिगो विकास शुल्क**

पर्यटकहरूको आगमन सँगसँगै पर्यटकीयस्थलमा प्राकृतिक स्रोतहरू माथि चाप पनि बढ्छ। फोहोर उत्पादन, पर्यटन पूर्वाधारको निर्माणबाट हुने वन्यजन्तुको वासस्थान टुक्रिने जस्ता नकारात्मक प्रभाव पनि पर्दछन्। तर पर्यटकहरूले आफ्नो व्यक्तिगत क्रियाकलापहरू (खाना, बस्न, यातायात) मा मात्र खर्च गरिरहेका हुन्छन्। उनीहरूले यहाँको स्रोत उपयोग गरेबापत दिगो विकासको लागि योगदान गर्न जरूरी देखिन्छ।

किनकि वातावरणीय समस्याहरू विश्वव्यापी हुन् र यसको प्रभावबाट कोही अछुतो रहन सक्दैन। यसकारण हरेक पर्यटकबाट दिगो विकास शुल्क लिन जरूरी देखिन्छ।

भुटानले भुटान भ्रमण गर्ने प्रत्येक पर्यटकसँग भिसा शुल्क अतिरिक्त प्रति व्यक्ति प्रति रात १०० डलर दिगो विकास शुल्क अग्रिम रूपमा तिर्न पर्दछ। सन् २०२३ मा भुटान भ्रमण गर्ने पर्यटकहरूको संख्या १ लाख ३ हजार थियो। भुटानमा पर्यटकको औसत बसाइ ६ रात रहेको छ। संख्या भन्दा खर्चालु पर्यटकलाई प्राथमिकता दिएको भुटानले दिगो विकास शुल्कको माध्यमबाट दिगो पर्यटनको अवधारणालाई अगाडि बढाई ५० प्रतिशत भन्दा बढी भूभाग संरक्षित क्षेत्र सञ्जाल अन्तर्गत संरक्षण गर्न सफल भएको छ। यसले उत्तरदायी पर्यटक भित्र्याई प्रति पर्यटक उच्च आम्दानी गरी गुणस्तरीय पर्यटकीय पूर्वाधारलाई सहयोग पुर्‍याउनका साथै प्राकृतिक स्रोतको अवस्था र पर्यटकीय पूर्वाधारको आधारमा पर्यटकको संख्यालाई नियमन गर्दछ।

सन् २०२२ मा ६ लाख १४ हजार ८६९ पर्यटकहरूले नेपाल भ्रमण गरे। उनीहरूको औसत बसाइ १३.१ रात थियो। यस हिसाबले नेपालमा उक्त वर्ष पर्यटकहरूको जम्मा बसाइ ८० लाख रात थियो। दैनिक १० डलरका दरले दिगो विकास शुल्क लगाउँदा पनि वार्षिक ८ करोड डलर (१० अर्ब रुपैयाँ) अतिरिक्त आम्दानी हुने देखिन्छ।

अन्त्यमा; वन क्षेत्रले आर्थिक लाभ दिन नसकेका होइनन्, हामीले लाभ लिन नसकेको देखिन्छ। उत्पादनमूलक वैज्ञानिक वन व्यवस्थापनमा प्रतिबन्ध र वैज्ञानिक अध्ययन विना संरक्षित क्षेत्रको शुल्क निर्धारण गर्दा सार्वजनिक खर्चको तुलनामा आम्दानी नभएको हो। हालको वन क्षेत्र व्यवस्थापनले सीमित समूहको निजी लाभ मात्र वृद्धि हुने अवस्था देखिन्छ। वैज्ञानिक उचित मात्रामा संरक्षित क्षेत्रमा प्रवेश शुल्क र दिगो विकास शुल्क निर्धारण गर्न सके संरक्षित क्षेत्रहरूले स्वरुप परिवर्तन नगरी जैविक विविधता संरक्षणको साथसाथै आर्थिक रूपमा पनि योगदान दिन सक्ने देखिन्छ।



# अमेरिकी अनुदान सहायता रोक्ने ट्रम्पको निर्णय स्थगित

• एजेन्सी

सबै प्रकारका वैदेशिक अनुदान सहयोगमा रोक लगाउने निर्णय ह्वाइटहाउसले स्थगित गरेको छ।

विदेशी अनुदान वितरण ९० दिनका लागि स्थगित गर्ने राष्ट्रपति डोनाल्ड ट्रम्पको निर्णय कार्यान्वयन नगर्न अदालतले आदेश दिएपछि ह्वाइटहाउस पनि पछि हटेको हो।

राष्ट्रपति ट्रम्पले २० जनवरीमा शपथ ग्रहण गरिसकेपछि विभिन्न मुलुकलाई बाँड्दै आएको अनुदान सहयोग ९० दिनसम्मका लागि स्थगित गर्ने निर्णयमा हस्ताक्षर गरेका थिए। त्यसपछि सबै देशहरुमा निर्णय कार्यान्वयनका लागि पत्राचार गरिएको थियो।



यो निर्णयले अमेरिकी सरकारको सहायतामा पर परेका लाखौं व्यक्तिहरुमा त्रास फैलिएको भन्दै जिल्ला अदालतका न्यायाधीश लोरेन अली खानको इजलासले निर्णय तत्काल यथास्थितिमा राख्न आदेश दिएको बीबीसीले जनाएको छ।

ट्रम्पको निर्णयले विश्वभर अमेरिकाको सहयोगमा सञ्चालित स्वास्थ्य, शिक्षा र विकाससँग सम्बन्धित कयौं प्रोजेक्टहरु बन्द हुने र ती क्षेत्रमा संलग्न व्यक्तिहरुको रोजगारी पनि संकटमा पर्ने चिन्ता व्यक्त हुँदै आएको थियो।

# 'म जाति हेरेर होइन, कलाकारसँग बिहे गरेको छु: कलकत्तिया बाली

• टक नेपाल

समाजिक सँजालमा चर्चामा रहँदै आएका धनुषाका अविनाश झा उर्फ कलकतियावालीले बिहे गरेका छन्। महिलाको अभिनय गर्दै आएका अभिनास झाको कलाकारिता प्रायः सबैलाई मन पराएको कला हो।

सोही कलाको कारण चिनिएका अभिनास झा गत माघ १४ गते विधिवत रुपमा जिल्ला अदालत धनुषामा बिहे गरेका छन्। झासँगै काम गर्ने अन्सा सदासँग उनले कानुनी विवाह गरेका हुन्।

अन्सा सदासँग कानुनी विवाह गरेपछि विभिन्न टिकाटिप्पणीको सामना गर्नुपरेको व्यवथा कलाकार झाले सुनाए। उनले जातकै कारण आफूलाई विभिन्न समाजिक सँजाल मार्फत ट्रोल गरेको दुःखेसो पोखे।



पत्रकारसंगको कुराकानीमा कलकतियाबाली उर्फ अभिनास झाले जातिगत कारण उनकै केही अडियन्सहरुले लक्षित गरी ट्रोल गरेकोप्रति दुःख प्रकट गरे। उनले भने, -"म कुनै जातलाई हेरेर उनलाई अपनाएको छैन वा विवाह गरेको छैन, कानुनी रुपमा अदालतमै विवाह गरेको छु। अन्साको के जात हो मलाई कुनै मतलब छैन, उसको कलाकारितासँग मैले बिहे गरेको छु। उसमा कला छ, सँगै काम गरेकी छिन्, त्यसैले उनीसँग बिहे गरेको छु। कलाकारितामा जातपात हुँदैन। यसरी समाजिक सँजालमा भिडियो बनाएर ट्रोल गर्नु उचित होईन्।"

बर्षौदेखि कलाकारिता क्षेत्रमा रम्दै आएका अविनास झा आफ्नो कलाले चिनिएका कलाकार हुन्। २०६७ सालदेखि नै कलाकारिता क्षेत्रमा कार्य गर्दै आएका उनी रेडियो नाटकबाट आफ्नो कयरको सुरुवात गरेका थिए।

समाजिक सँजालहरुको आगमनसँगै उनले नयाँ प्लेटफर्म पाउन सफल भए।

अहिले उनको युटुब च्यानल, फेसबुकमा समेत उनको कमेडी भिडियोहरु मन पराउनको सँख्या अधिक छ। उनी आफ्नो काममा विश्वास गर्ने कलाकार हुन्।

तराई मधेश क्षेत्रसहि भारतको बिहारमा समेत आफ्नो पहिचान बनाएका अविनास झा र अन्सा सदालाई वैवाहिक जीवनको कामना गर्दछौं।

## मधेस प्रदेशमै पाइल्सको १ मात्र लेजर सर्जरी



विधिबाट पाइल्स, फिस्टुला, फिसर, पाइलोनाइडल साइनसको उपचार
डा. अफजल मन्सुरी
द्वारा
पोखरा र काठमाण्डौमा विगत लामो समयदेखि हजारौं बिरामीहरुलाई सफल उपचार गरिसक्नु भएका अनुभवी वरिष्ठ डा अफजल मन्सुरी टिमद्वारा जाँच उपचार तथा परामर्श हुने भएकोले समयसै सम्पर्क राखी मौकाको फाइदा उठाउनुहुन अनुरोध गरिन्छ।

डा. अफजल मन्सुरी
BAMS, IOA, NSU, Dang
CCKAS, AIAA, Ghaziabad (Delhi)
NWCLD of Lasser Theraphy on Benign anorectal disease & vericoseveins
BHU Baransi, India
NAMC No.: 786

बाँझोपन, निःसन्तान महिला पुरुषको उपचार पनि गरिन्छ।

हरेक हप्ताको आइतबार, सोमबार र मंगलबार
समयः विहान १०:००-५:०० बजेसम्म

लेजर सर्जरी नै किन ?
- ☑ भर्ना हुनु नपर्ने
- ☑ दुखाई नहुने
- ☑ रोग पुनः नदोहोरिने
- ☑ सवारी साधन चलाएर घर फर्कन सकिने साथै नियमित काम गर्न सकिने

हाम्रा सेवाहरू
- पायल्स, फिसर, फिस्टुला
- दिसा गर्दा रगत आउँने
- दिसा गर्दा मासु आउने
- दिसा गर्दा दुखाइ हुने
- मलद्वारमा फोका देखिनु
- मलद्वारमा पिप निस्कनु
- मलद्वार चिलाउनु
- मलद्वार सुन्निनु
- कब्जीयत
- हाडजोर्नी, नशा
- यौन समस्या
- छाला रोग आदि

पायल्स, फिसर, फिस्टुला
दिशा घरमा मासु पलाएको, दुख्ने पोल्ने, चिलाउने, रगत बग्ने, दिशा गर्दा मासु बाहिर आउने, दीर्घकालीन कब्जियत, दिशा नखुल्ने, गानोगोला साथै मलद्वार सम्बन्धी सम्पूर्ण समस्या

सम्पर्कः
ग्राण्डी आयुर्वेद प्रोक्टो लेजर क्लिनिक
बर्दिवास-१, बरगाछीटोल, महोत्तरी, 9864070612, 9807647760

# संसद्को हिउँदे अधिवेशन सुरु हुँदै

• टक नेपाल

सङ्घीय संसद्को हिउँदे अधिवेशन आज माघ १८ गते शुक्रबार अपराह्न १ बजे अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र, नयाँबानेश्वरमा बस्दैछ। यस अधिवेशनलाई विधेयक अविधेशनका रूपमा पनि लिइन्छ।

सङ्घीय संसद् सचिवालयले दुबै सदनका सम्भावित कार्यसूची सार्वजनिक गरेको छ। सचिवालयका प्रवक्ता एकराम गिरीका अनुसार भोलि बस्ने प्रतिनिधिसभा बैठकमा सभामुखले राष्ट्रपतिबाट प्राप्त अधिवेशन आह्वान, प्रधानमन्त्रीको कार्यभार तोकिएको र प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट प्राप्त कार्यभार थपसम्बन्धी पत्रको व्यहोरा पढेर सुनाउनु हुने कार्यसूची छ।

यस्तै सभामुखले प्रतिनिधिसभा नियमावली, २०७९ को नियम १० बमोजिम बैठकको अध्यक्षता गर्न सदस्यको मनोनयन गर्नुहुनेछ। अधिवशेन सुरु भएको दिन यसअघि जस्तै दलीय आधारमा सदस्यले आ-आफ्नो मन्तव्य राख्नुहने कार्यसूचि रहेको छ।

बैठकमा प्रधानमन्त्री केपी शर्मा ओलीले "सुशासन प्रवर्द्धन तथा सार्वजनिक सेवा प्रवाहसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश, २०८१" पेश गर्नुहुने छ। उपप्रधानमन्त्री तथा अर्थमन्त्री विष्णुप्रसाद



पौडेलले "आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व (पहिलो संशोधन) अध्यादेश, २०८१", "निजीकरण (पहिलो संशोधन) अध्यादेश, २०८१" र "आर्थिक तथा व्यावसायिक वातावरण सुधार र लगानी अभिवृद्धिसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश, २०८१" पेश गर्नुहुने छ। त्यस्तै भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारणमन्त्री बलराम अधिकारीले "सहकारी सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश, २०८१" र "भूमिसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश, २०८१" पेश गर्नुहुने छ। बैठकमा सभामुखले विभिन्न शोक प्रस्ताव प्रस्तुत गर्नुहुने सम्भावित कार्यसूचि रहेको छ।

यसैगरी राष्ट्रियसभाको बैठकमा उल्लेखित कार्यसूचि बाहेक मिडिया काउन्सिल विधेयक, २०८० र नवीरकणीय ऊर्जा तथा ऊर्जा दक्षतासम्बन्धी विधेयक, २०८१ सम्बन्धी समितिको प्रतिवेदन पेश गर्ने कार्यसूचि छ। दुबै सदनमा विभिन्न विधेयक विचाराधीन हुनुका साथै थप नयाँ विधेयकसमेत दर्ता गरिएका छन्।

संसद्मा सङ्घीयता कार्यान्वयनसँग जोडिएका सङ्घीय निजामती, विद्यालय शिक्षा, प्रहरी समायोजनजस्ता महत्वपूर्ण विधेयक लामो समयदेखि विचाराधीन छन्।

ती विधेयकमाथि सम्बन्धित संसदीय समितिहरूमा छलफल भइरहेको संसद सचिवालयले जनाएको छ।

## अत्याधुनिक प्रविधि तथा विशेषज्ञ सेवासहित ३ वर्षे नर्सिङ कलेज भएको महोत्तरीको एकमात्र अस्पताल

- २४ सैं घण्टा इमर्जेन्सी सेवा
- ICU,NICU,PICU सेवा
- Endosocopy/Diode Laser सेवा
- विभिन्न रोगहरुको विशेषज्ञ डाक्टरहरुद्वारा उत्कृष्ट स्वास्थ्य सेवा
- Laproscopy सेवा
- X-Ray, USG, CT Scan सेवा
- क्याबिनको समेत व्यवस्था भएको
- 24/7 Ambulance सेवा




SHUBHA SWOSTIK HOSPITAL PVT.LTD
शुभ स्वस्तिक हस्पिटल प्रा.लि.
मेनरोड बर्दिबास, महोत्तरी
०४४-५५०२५५

बर्दिबास मिडिया ग्रुप प्रा.लि. द्वारा प्रकाशित, प्रकाशकः तुलसामाया कार्की, कार्यकारी निर्देशकः ललन मण्डल, प्रवन्धकः बिनोद ढुङ्गेल, सम्पादक : रंजुकुमारी साह
मुद्रक : आमोश अफसेट प्रिन्टिङ्ग प्रेस, बर्दिबास-३, महोत्तरी, प्रधान कार्यालय : बर्दिबास, महोत्तरी E-mail : talknepalnationaldaily@gmail.com